# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८२।१२।२३ गते ।

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरिएको ।

गण्डकी प्रदेश अन्तर्गत भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, पोखरा, कास्कीका लेखा अधिकृत (अधिकृत आठौं तह) झलक शर्मा पौडेलसमेतले पदीय मर्यादा दुरुपयोग गरी "गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको" भन्ने समेत ब्यहोराको उजुरीको अनुसन्धानको सिलसिलामा निजले ब्यक्तिगत ऋण सापटी लिएको भनी आय आर्जन दाबी गर्ने प्रयोजनार्थ पेस गरेका कारोबारहरुको वास्तविकता तथा ब्यक्तिगत ऋण सापटीको कारोबार गरेको देखाई गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति लुकाउने, छल्ने, बदल्नेसमेत बदनियतले गरेको र उक्त कार्यमा संलग्न प्रतिवादी झलक शर्मा पौडेल तथा अन्य व्यक्तिहरुसमेत उपर सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ अन्तर्गतको कसुरतर्फ समेत अनुसन्धान गर्नुपर्ने भन्नेसमेत ब्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज झलक शर्मा पौडेले पदीय मर्यादा विपरीतका कार्यहरूबाट गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको सम्बन्धमा निजका बिरुद्ध गैरकानुनी रुपमा आर्जन गरेको कूल सम्पत्ति **रू.६,२६,९३,१२९।८२** लाई बिगो कायम गरी सम्मानित विशेष अदालत समक्ष मिति २०८२/०३/२५ गतेको दर्ता नं. ०८१-CR-०१३८ बाट आरोप-पत्र दर्ता भई सुनुवाईको क्रममा रहेको तथा निज झलक शर्मा पौडेलले गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति मध्ये निज र निजको श्रीमती हुमा कुमारी उपाध्यायको नाममा बैंक तथा सहकारी संस्थामा मुद्दती निक्षेप तथा निक्षेप खातामा रहेको रकम रु.२,५१,३४,४६२।१४ गैरकानुनी रुपमा आर्जन गरेको देखिएको, निज झलक शर्मा पौडेलले आफुले गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्तिको स्रोत (Illicit Origin) लुकाउने, छल्ने उद्देश्यले सम्पत्तिको स्रोत पुष्टि गर्ने प्रयोजनका लागि कुनै पनि ऋण सापटी नलिई ऋण सापटी लिएको र सोही बमोजिम कागजात तयार गरी बिभिन्न ब्यक्तिहरुलाई ऋण सापटी फिर्ता गरेको भनी बैंक तथा वित्तीय संस्थाबाट कारोबार गरेको देखिएता पनि निजले फिर्ता गरेको भनी दाबी गरेको कूल रकम रु.२,५३,००,०००।- बिभिन्न तहको कारोबारहरुको जालो (Web of Transactions) मार्फत सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, कारोवार लुकाउने, छल्ने, बदल्ने समेतका कार्य गरे गराएको हुँदा निज झलक शर्मा पौडेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुरजन्य कार्य गरी गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति रु.२,५१,३४,४६२।१४ तथा सो रकममा ब्याज वापत बढेबढाएको रकम रु.७,३२,८६२।३९ समेत गरी कूल रकम रु.२,५८,६७,३२४।५३ को स्रोत लुकाउने कलुषित मनसाय राखी उक्त कसुरजन्य कार्यको सजाय छल्ने वदनियतपूर्ण मनसायका साथ त्यसरी प्राप्त गरेको सम्पत्तिको अधिकार बदल्ने र स्वामित्व परिवर्तन गरेको देखिएकोले उक्त कार्य सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा सोही दफा ३ को उपदफा (३) ले परिभाषित कसुर भएको हुँदा निज **झलक शर्मा पौडेललाई बिगो रु.२,५८,६४,३२४।५३ (दुई करोड अन्ठाउन्न लाख चौसट्ठी हजार तीन सय चौबीस रुपैयाँ र पैसा त्रीपन्न)** कायम गरी सोही ऐनको दफा ३० को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय गरी पाउनका साथै, सोही ऐनको दफा ३४ को उपदफा (१) बमोजिम निजको खातामा

रहेको रकम रु.१,७०,१३,०५०।७७ (एक करोड सत्तरी लाख तेह्रहजार पचास रुपैयाँ र सतहत्तर पैसा) जफत गरी पाउन तथा नपुग बिगोका सम्बन्धमा प्रचलित कानून बमोजिम मागदाबी लिनुका साथै, निज राष्ट्रसेवक भई सम्पत्ति शुद्धीकरण कसुर गरेको हुँदा निजलाई सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (७) बमोजिम थप सजायको मागदाबी लिईएको छ।

साथै, भ्रष्टाचारको कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै एवं विश्वास गर्नुपर्ने मनासिव आधार हुँदा हुँदै प्रतिवादी झलक शर्मा पौडेलले भ्रष्टाचार गरी आर्जन गरेको सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, कारोवार, लुकाउने, छल्ने, बदल्ने समेतका कार्यमा सहयोग पुऱ्याएको मिसिल संलग्न सवूद प्रमाणबाट देखिएको हुँदा **हुमा कुमारी उपाध्याय, जमुना कुमारी रोकाक्षेत्री, हरीप्रसाद पौडेल र शान्ति दराई पौडेललाई** मुख्य कसुरदार प्रतिवादी झलक शर्मा पौडेलले गरेको सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा सोही दफा ३ को उपदफा (३) को परिभाषित कसुरको मतियार भई सोही ऐनको दफा ३ को उपदफा (२) तथा सोही दफा ३ को उपदफा (३) मा परिभाषित कसुर बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा हुमा कुमारी उपाध्यायलाई रु.२,२३,००,०००।— (दुई करोड तेईस लाख रुपैयाँ), जमुना कुमारी रोका क्षेत्रीलाई रु.१,६३,०६,०००।—(एक करोड त्रीसठ्ठी लाख छ हजार रुपैयाँ) र हरि प्रसाद पौडेल र शान्ति दराई पौडेललाई रु.१,३८,००,०००।–(एक करोड अड्तीस लाख रुपैयाँ) बिगो कायम गरी सोही ऐनको दफा ३० को उपदफा (२) बमोजिम मुख्य कसुरदारलाई हुने सजायको आधा कैद र जरिवाना सजाय गरी पाउन प्रतिवादी कायम गरी आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी